च.नं : ०१/०७८/०७९

मिति : २०७८/११/१५

श्री प्रमुख निर्वाचन अधिकृतज्यू
गैरआवासीय नेपाली संघ
निर्वाचन अधिकृतको कार्यालय
बालुवाटार, काठमाण्डौ ।

**विषय : परिवर्तन सहितको मतदाता संख्या प्रकाशन गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा मिति २०७८/११/१३ गते विद्युतिय माध्यमबाट इमेलमा मतदाता संख्या प्रकाशन भएको सम्बन्धमा भन्ने जानकारी प्राप्त भयो । उक्त जानकारीमा यहाँले २०७८/१२/१२ र १३ मा तदानुसार 26th and 27th March 2022 मा बार्षिक साधारण सभाबाट अन्तर्राष्ट्रिय समन्वय परिषदमा गैरआवासिय नेपाली संघको निर्वाचन प्रयोजनको लागि छानविन गरि महाधिवेशन प्रतिनिधि नामावली प्रकाशित गरिएको र सो उपर कोही कसैको दावि विरोध रहेमा २७ फेब्रुरी २०२२, १७ बजे सम्ममा पठाउने भन्ने व्यहोराको सूचना प्राप्त भई निम्न बमोजिम जानकारी गराइन्छ :

१. मिति १५ जनवरी २०२२ मा NRNA को अन्तराष्ट्रिय महाधिवेशन र निर्वाचन प्रक्रियाका सम्बन्धमा अन्तराष्ट्रिय समन्वय समिति (ICC) ले एक उच्चस्तरिय समिति गठन गरि उक्त समितिका विभिन्न बैठक बसी समस्या समाधान तर्फ कार्यहरु भई रहेको परिपेक्ष्यमा यहाँले निर्वाचन कार्यक्रम प्रकाशित गरि मतदाता नामावलीमा दावी विरोध सहितको सुचना पठाएको विषयले गम्भीर ध्यानाकर्षण भएकोछ । विभिन्न NCC हरुबाट पढाएका महाधिवेशन प्रतिनिधि नामावलीहरुको विवादको सम्बन्धमा यस उच्च स्तरिय समितिले एक कार्यदल मार्फत सचिवालयको पूर्ण सहयोगमा छानविन गरि *राष्ट्रिय महाधिवेशन संचालन, अर्न्तराष्ट्रिय महाधिवेशन प्रतिनिधि छनौट तथा राष्ट्रिय समन्वय परिषद्को सम्बन्धित नियमावली, २०२१* को नियम ४.२ को व्यवस्था बमोजिमको मतदाता नामावली (संख्या) यस उच्च स्तरिय समितिमा पठाएको जानकारी गराउँदछौ ।

२. सचिवालयले मिति 20 Feb 2022 मा उच्च स्तरिय समितिलाई योग्य महाधिवेशन प्रतिनिधिहरुको संख्या २६४३ भएको भन्ने सूची सहित जानकारी गराइएको तर हाल ICC ले गठन गरिएको भनिएको ५ सदस्य समितिले योग्य महाधिवेशन प्रतिनिधिहरुको संख्या करिब ३६०० रहेको भन्ने जानकारी गराइएको हुँदा यसरी सचिवालयले उपलब्ध गराएको संख्या भन्दा बढी हुने गरि उक्त ५ सदस्य समितिले दिएको फरक संख्याको वैधानिकता प्रस्तुत गर्न नसकेको र उक्त ५ सदस्य मध्येबाट ICC को पदाधिकारीको दाबेदार उमेद्वार समेत हुने भन्ने जानकारी प्राप्त भएकोले उक्त ५ सदस्य समितिको स्वार्थको द्वन्द (Conflict of Interest) भएको हुँदा उक्त महाधिवेशन प्रतिनिधि मतदाता नामावली विवादस्पद भएको

प्रसङ्गमा दावी विरोध गर्ने सूचना अनुसार दावी विरोध जनाउनु पर्ने अवस्था श्रृजना भएको जानकारी गराइन्छ ।

३ यस परिस्थितिमा उच्च स्तरिय समिति अन्तराष्ट्रिय महाधिवेशन र निर्वाचन प्रकृयामा देखिएका उल्भनहरुलाई समाधान दिन काम गरिरहेको अवस्थामा यहाँले प्रकाशन गर्नुभएको समग्र निर्वाचन कार्यक्रम तथा मुलत महाधिवेशन प्रतिनिधि मतदाता नामावली NRNA को राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिष्ठा तथा मतदाता नामावलीमा विवाद भई रहेको अवस्थामा प्रकाशित उक्त दावी विरोधको सूचना स्थापित लोकतान्त्रिक प्रक्रियाको विपरित समेत भएकोले प्रस्तुत जानकारीलाई यहाँको मिति २०७८/११/१३ को दावी विरोधको सूचनाको प्रयोजनको लागि जानकारी गराइन्छ । यसै जानकारीका साथ यस उच्च स्तरिय समितिले बनाएको कार्यदल र सचिवालय समेतको सहयोगमा तयार भएको परिमार्जित ICC को मतदाताहरुको नामावली (संख्या) निर्वाचन प्रक्रियामा कायम गराउन प्रेशित गरिएको छ । ४. यस सम्बन्धमा यहाँलाई कुनै दुविधा भए उच्च स्तरिय समितिमा त्यसको निकाशाको लागि प्रतिवेदन गर्न जानकारी गराईन्छ

बोधार्थ

१. गैरआवासीय नेपाली संघको सचिवालय, बालुवाटार, काठमाण्डौ ।

२. अन्तारष्ट्रिय समन्वय परिषदको कार्यालय, बालुवाटार, काठमाण्डौ ।

३. उच्च स्तरिय समिति ।

४. परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

नीति तथा योजना महाशाखा

शेष घले
प्रमुख संरक्षक/
संयोजक
उच्च स्तरिय समिति